**मिति २०८१।०३।१० गते सम्पन्न कानेपोखरी गाउँपालिकाको गाउँ सभा १६ औं अधिवेशनको पहिलो बैठकको निर्णय**

**<u>श्री</u>**

कानेपोखरी गाउँपालिकाको गाउं सभा १६ औं अधिवेशनको पहिलो बैठक मिति २०८१।०३।१० गते दिउँसो १.०० बजे बस्ने गरी मिति २०८१।०३।०५ गते बसेको गाउँ कार्यपालिकाको ४९ औं बैठकमा निर्णय भई अध्यक्षज्यूले सभाका सम्पूर्ण सदस्यहरुलाई जानकारीको लागी सूचना गराउनु भएको थियो। सो बमोजिम सभाको पहिलो बैठक **गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५** ले निर्धारण गरे बमोजिमको प्रकृया र पद्धति बमोजिम पूर्व निर्धारित कार्यसूची एवम् कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०८१।०३।१० गते बसेको बैठकले पेश गरेको प्रस्ताव उपर छलफल गर्दै सभाको बैठक सौहार्दपूर्ण वातावरणमा सञ्चालन भएको थियो। सभाको बैठकमा पेश भएका कार्यसूची एवम् प्रस्ताव उपर छलफल गर्दै सभाको तेस्रो बैठकबाट भएका निर्णयहरु देहाय बमोजिम रहेका छन्।

## <u>निर्णय नं.(१)</u>

प्रस्ताव नं. (१) उपर छलफल गर्दा कानेपोखरी गाउँपालिकाको सवै वडाका वस्तीस्तरबाट प्राप्त सुझाव, सम्बन्धित वडा समितिले तय गरेका प्राथमिकताहरु, विगतमा लिएका नीति तथा कार्यक्रमको प्रभावकारिता, वहुवर्षीय योजना तथा कार्यक्रम, गाउँपालिकाको दीर्घकालीन रणनीति, स्थानीय आवश्यक्ता, सङ्घीय र प्रदेश सरकारबाट प्राप्त बजेटको आकार र गाउँपालिकाको आन्तरिक आम्दानीको अवस्था, दीगो विकासका लक्ष्यहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिको सुझाव र गाउँ कार्यपालिकाको निर्णय समेतका आधारमा तयार गरिएको गाउँपालिकाको आ.व. २०८०/०८१ को १११ बुँदे नीति तथा कार्यक्रम गाउँपालिका अध्यक्ष श्री राजमति इङ्गनामन्यूबाट १६ औ गाउँसभा अधिवेशनको पहिलो बैठकमा पेश गरियो।

## <u>निर्णय नं.(२)</u>

प्रस्ताव नं.(२) उपर छलफल गर्दा कानेपोखरी गाउँपालिकाले आ.व. २०८१/०८२ का लागि तय गरेको वार्षिक नीति तथा कार्यक्रम, विगतमा लिएको करको दर र दायरा, राजश्व परामर्श समितिमा छलफल भई गाउँ कार्यपालिकाबाट सभा समक्ष पेश भएको गाउँपालिकाको आ.व. २०८१/०८२ को आर्थिक विद्येयक, २०८१ र कानेपोखरी गाउँपालिकाको आ.व.२०८१।०८२ को कूल आय र व्ययको अनुमान गाउँपालिका उपाध्यक्ष श्री भोला प्रसाद अधिकारीज्यूबाट पेश भयो।

**मिति २०८१।०३।१० गते बसेको कानेपोखरी गाउँपालिकाको गाउँ सभा १६ औं अधिवेशनको पहिलो बैठकबाट प्रस्तुत निर्णय पारित भएको व्यहोरा प्रमाणित गरेको छु।**

**(राजमती इङ्गनाम)**
**गाउँपालिका अध्यक्ष**
२०८१।०३।१०

**मिति २०८१।०३।१० गते सम्पन्न कानेपोखरी गाउँपालिकाको गाउँ सभा १६ औं अधिवेशनको पहिलो बैठकको निर्णय**

कानेपोखरी गाउँपालिकाको आ.व. २०८१।०८२ को कूल आय र अनुमान

**कानेपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को कूल आय र व्यय अनुमानः**

कुल आय तर्फ-

| सि.नं. | आय शीर्षक | अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १ | संघीय वित्तिय समानिकरण अनुदान | १२८८०० | |
| २ | संघीय सशर्त अनुदान | २४००३९ | |
| ३ | संघीय राजस्व वाँडफाँडवाट प्राप्त हुने अनुदान | १०२६०० | |
| ४ | संघीय समपुरक अनुदान | १५००० | |
| ५ | संघीय विशेष अनुदान | १५००० | |
| | प्रदेश समानिकरण अनुदान | ८१३४ | |
| ६ | प्रदेश राजस्व वाँडफाँडवाट प्राप्त हुने अनुदान | ५२२९ | |
| ७ | प्रदेश सशर्त अनुदान | ५९२३ | |
| ८ | प्रदेश समपूरक अनुदान | १०००० | |
| ९ | घरजग्गा रजिष्ट्रेशन आय | १५००० | |
| १० | वडावाट प्राप्त हुने आय | २०००० | |
| ११ | चिसाङ खोला ठेक्कावाट प्राप्त हुने आय | २०००० | |
| | **जम्मा** | ५८५७२५ | |
| १३ | वैंक मौज्दात | ३०००० | |
| | **जम्मा** | ६१५७२५ | |
| १४ | अ.ल्या. (चालु आ.व.मा भुक्तानी गर्नुपर्ने तर भुक्तानी नभएको कारण सृजित आम्दानी) | ४०००० | |
| | **जम्मा** | ६५५७२५ | |

व्यय तर्फ-

| सि.नं. | व्यय शीर्षक | अनुमानित रकम (रु.हजार) | कैफियत |
|---|---|---|---|
| १ | गाउँ कार्यपालिका चालु खर्च | ५५७८६१० | |
| २ | वडागत कार्यपालिका चालु खर्च | २४३१४१० | |

**मिति २०८१।०३।१० गते बसेको कानेपोखरी गाउँपालिकाको गाउँ सभा १६ औं अधिवेशनको पहिलो बैठकबाट प्रस्तुत निर्णय पारित भएको व्यहोरा प्रमाणित गरेको छु।**

**(राजमती इङ्गनाम)**
**गाउँपालिका अध्यक्ष**
**२०८१।०३।१०**

**मिति २०८१।०३।१० गते सम्पन्न कानेपोखरी गाउँपालिकाको गाउँ सभा १६ औं अधिवेशनको पहिलो बैठकको निर्णय**

| | | | |
|---|---|---|---|
| ३ | आर्थिक विकास तर्फ | १३७५०.० | |
| ४ | सामाजिक विकास तर्फ | ५५४९६।० | |
| ५ | पूर्वाधार विकास तर्फ | ३९६००।० | |
| ६ | वातावरण तथा विपद् व्यवस्थापन तर्फ | ११६००।० | |
| ७ | संस्थागत विकास तथा सेवा प्रवाह तर्फ | १८१७५।० | |
| ८ | वडागत सिलिङ (७ वटै वडा) | ४४७००।० | |
| ९ | समपूरक साझेदारी/मर्मत/अन्य आयोजना तथा भुक्तानी हुने बाँकी | १०६३४२.० | |
| | जम्मा (क) | ३६९७६३.० | |
| १० | सशर्त अनुदान(नेपाल सरकार) | २४००३९।० | |
| ११ | सशर्त अनुदान(प्रदेश सरकार) | ५९२३।० | |
| १२ | समपूरक अनुदान(नेपाल सरकार) | १५०००.० | |
| १३ | समपूरक अनुदान(प्रदेश सरकार) | १००००.० | |
| १४ | विशेष अनुदान(नेपाल सरकार) | १५००० | |
| | जम्मा(ख) | २८५९६२.० | |
| | कूल व्यय जम्मा(क+ख) | ६५५७२५.० | |

## निर्णय नं.(३)

प्रस्ताव नं. (३) उपर व्यापक छलफल गर्दा कानेपोखरी गाउँपालिकाको आ.व. २०८१/०८२ का लागि तय गरेको वार्षिक नीति तथा कार्यक्रम, विगतमा सञ्चालनमा रहेका योजना तथा कार्यक्रमहरु, गाउँपालिकाको आवश्यकता, वडा समितिबाट पारित भई आएका वडागत योजना तथा कार्यक्रमहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिमा छलफल भई गाउँ कार्यपालिकाबाट सभा समक्ष पेश भएको गाउँपालिकाको आ.व. २०८१/०८२ को विनियोजन विद्येयक, २०८१ गाउँपालिका उपाध्यक्ष श्री भोला प्रसाद अधिकारीज्यूबाट पेश भयो।

## निर्णय नं.(४)

प्रस्ताव नं. (४) उपर व्यापक छलफल गर्दा अनुगमन समितिले आ.व. २०८०/०८१ मा गरेको अनुगमन गर्दा देखेको अवस्था तथा सुझाव समेटिएको अनुगमन समितिको प्रतिवेदन, न्यायिक समितिको प्रतिवेदन, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) तथा विद्येयक समिति मार्फत पेश हुन आएका केही ऐनहरु गाउँसभाको आगामी बैठकमा पेश गर्ने निर्णय भयो।

**मिति २०८१।०३।१० गते बसेको कानेपोखरी गाउँपालिकाको गाउँ सभा १६ औं अधिवेशनको पहिलो बैठकबाट प्रस्तुत निर्णय पारित भएको व्यहोरा प्रमाणित गरेको छु।**

**(राजमती इङ्गनाम)**
**गाउँपालिका अध्यक्ष**
**२०८१।०३।१०**